# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक

राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १५३ | सोमवार, २ चैत, २०८२ | Monday, 16 Mar. 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०



काँक्रेविहार राष्ट्रिय दैनिक

नियमित नआएमा

९८५-१३४४७५४



ग्राहक बन्नु परेमा


## ‘दोषीलाई कानुनी दायरामा ल्याउँछौं’



**काँक्रेविहार संवाददाता**
काठमाडौं, १ चैत

नेपाल दलित मुक्ति मोर्चाले सुर्खेतकी १६ वर्षिया किशोरी इनिशा विक हत्याको निष्पक्ष अनुसन्धान र दोषीलाई कानुन बमोजिम कारबाही गर्न सरकारसँग माग गरेको छ।

सङ्गठनका अध्यक्ष दलजित श्रीपालीसहितको टोलीले आइतबार गृहमन्त्री ओमप्रकाश अर्याललाई ज्ञापनपत्र बुझाउँदै घटनामा संलग्नहरूलाई कानुनी दायरामा ल्याई पीडित परिवारलाई न्याय दिन माग गरेको हो।

साथै मोर्चाले घटनामा संलग्नलाई कारबाही गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण गराउँदै पीडित परिवारमा पर्न गएको भौतिक तथा मनोवैज्ञानिक क्षतिको मूल्याङ्कन गरी न्याय र उचित क्षतिपूर्तिको लागि माग गरेको छ।

ज्ञापनपत्र बुझ्दै मन्त्री अर्यालले घटनाको अनुसन्धान गरी दोषीलाई कानुनी दायरामा ल्याइने प्रतिबद्धता व्यक्त गरे। उनले मुलुकमा दण्डहीनताको अन्त्य हुनुपर्ने भन्दै कुनै पनि प्रकारका आपराधिक घटना र अवाञ्छित गतिविधि नियन्त्रण गरी शान्ति सुव्यवस्था कायम गर्न सरकार जिम्मेवारीताका साथ लागि परेको जानकारी समेत दिए।

सुर्खेतको गुर्भाकोट नपा.-६ स्थायी घर भई हाल वीरेन्द्रनगर-१ म बसोबास गर्दै स्थानीय उषा बालबाटिका स्कुलमा कक्षा ११ मा अध्ययनरत विकको सामूहिक बलात्कारपछि हत्या भएको थियो।


**सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला।**


### दलहरूले बुझाए समानुपातिक सांसदको नाम

# आयोगले राष्ट्रपतिलाई प्रतिवेदन बुझाउने तयारी

*“ समानुपातिक प्रणालीतर्फ राष्ट्रिय स्वतन्त्र पार्टीले सबैभन्दा बढी ५७ सिट प्राप्त गरेको छ। त्यसैगरी नेपाली कांग्रेसले २० सिट, नेकपा एमालेले १६ सिट, नेपाल कम्युनिस्ट पार्टीले नौ सिट, श्रम संस्कृति पार्टीले चार सिट र राष्ट्रिय प्रजातन्त्र पार्टीले चार सिट पाएका छन्।*

**काँक्रेविहार संवाददाता**
सुर्खेत, १ चैत

प्रतिनिधिसभा निर्वाचनअन्तर्गत समानुपातिकतर्फ सिट पाएका सबै राजनीतिक दलहरूले उम्मेदवारको नाम निर्वाचन आयोगमा पेश गरेका छन्। दलहरुले नाम बुझाएसँगै आयोगले समानुपातिक सांसदको टुंगो लगाएर राष्ट्रपतिलाई निर्वाचन प्रतिवेदन बुझाउने तयारी गरेको छ।

समानुपातिकतर्फ सिट पाएका ६ वटै राजनीतिक दलहरूले आफूले पाएको सिट संख्या अनुसार बन्दसूचीमा रहेका उम्मेदवारमध्येबाट नाम छनोट गरी आइतबार आयोगमा पेस गरेका हुन्। निर्वाचन आयोगले बिहीबार समानुपातिकतर्फ सिट बाँडफाँट गर्दै तीन प्रतिशत थ्रेसहोल्ड कटाउने दलहरूलाई तीन दिनभित्र उम्मेदवारको नाम छनोट गरी पठाउन पत्राचार गरेको थियो।

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा तीन प्रतिशत थ्रेसहोल्ड कटाउने ६ वटा दल–राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले समानुपातिकतर्फ सिट प्राप्त गरेका थिए।

आयोगका अनुसार यस निर्वाचनमा समानुपातिक प्रणालीतर्फ राष्ट्रिय स्वतन्त्र पार्टीले सबैभन्दा बढी ५७ सिट प्राप्त गरेको छ। त्यसैगरी नेपाली कांग्रेसले २० सिट, नेकपा एमालेले १६ सिट, नेपाल कम्युनिस्ट पार्टीले नौ सिट, श्रम संस्कृति पार्टीले चार सिट र राष्ट्रिय प्रजातन्त्र पार्टीले चार सिट पाएका छन्। दलहरूले पाएको सिटअनुसार आयोगले पत्राचार गरेपछि सबै दलले निर्धारित समयमै उम्मेदवारको नाम बुझाएका हुन्।

निर्वाचन आयोगका सहप्रवक्ता कुलबहादुर जिसीका अनुसार प्राप्त नामहरू रुजु गर्ने काम सुरु भइसकेको छ। उनले दलहरूले पठाएका नाम बन्दसूचीमा रहेको समावेशी क्लस्टर अनुसार मिले नमिलेको जाँच भइरहेको जानकारी दिए। यसका लागि ६ वटै दलले नाम पठाइसकेको उल्लेख गर्दै आएका नामहरूको रुजु गरी क्लस्टर मिले नमिलेको यकिन गरेर बाँकी प्रक्रिया अघि बढाइने उनको भनाइ छ।




## कुन दलले कसलाई छाने सांसद

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले समानुपातिक सांसद बन्ने चार जनाको नाम टुङ्गो लगाएको छ। आइतबार राप्रपाको केन्द्रीय कार्यसम्पादन समितिको केन्द्रीय कार्यालय धुम्बाराहीमा बसेको बैठकले नाम टुङ्गो लगाएको हो।

समानुपातिक बन्दसूचीमा रहेका चार जनालाई प्रतिनिधिसभा सदस्य पदमा निर्णय सहित सिफारिस गरिएको प्रवक्ता मोहन श्रेष्ठले बताए। उनका अनुसार भरत गिरी (खस आर्य पुरुष) महोत्तरी, ताहिर अली (मुस्लिम पुरुष) रुपन्देही, खुस्बु ओली (खस आर्य महिला) झापा र सरस्वती लामा (जनजाति महिला) धादिङ रहेका छन्।

बैठकले विषम परिस्थीतिमा पार्टीका उम्मेदवारहरुलाई मतदान गर्ने र ज्ञानेन्द्र शाहीलाई विजयी गराउने मतदाताप्रति धन्यवाद व्यक्त गर्दै शाहीलाई बधाई दिने निर्णय समेत गरेको अध्यक्ष राजेन्द्र लिङ्देनले बताए।

यस्तै, हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले समानुपातिक प्रणालीबाट सांसद बन्ने चार जनाको नाम टुंगो लगाएको छ। आइतबार समानुपातिक सांसदहरुको नाम टुंगो लगाएर निर्वाचन आयोगमा पठाइसकिएको पार्टीका प्रवक्ता सत्य घले गुरुङले जानकारी दिए।

उनका अनुसार आदिवासी जनजातितर्फ पूर्ण प्रसाद लिम्बु,खस आर्यतर्फ अम्बिका देवी सङ्गौला, दलिततर्फ राधिका रम्तेल र मधेसीतर्फ रुवी कुमारी ठाकुरको नाम आयोगमा पठाइएको हो।

त्यस्तै, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले समानुपातिक सांसदका लागि नौ जनाको नाम टुंगो लगाएको छ। नेकपाका अनुसार खसआर्यतर्फ प्रमेश हमाल, आदिवासी जनजाति समूहबाट परशुराम तामाङ र भीमकुमार बुढा, अपांगता समूहबाट प्रेम बयक, मधेसी समूहबाट जोगकुमार बर्बरिया यादव, दलित समूहबाट पार्वती बिक र गणेश विश्वकर्मा, तथा थारु समूहबाट निराशा चौधरी डगौरा रहेका छन्।

नेकपा संयोजक प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालले समानुपातिक अन्तिम सूचीको अनुमोदन गरेका हुन्।

यता, नेकपा एमालेले पनि समानुपातिकतर्फका उम्मेदवारको सूची निर्वाचन आयोगलाई बुझाएको छ। शनिबार बसेको एमाले सचिवालय बैठकले समानुपातिकतर्फ चयन हुने १६ जनाको सांसदको नाम टुंगो लगाएको थियो।

एमाले नेता निरज आचार्यसहितका नेताहरूले आज निर्वाचन आयोगमा पुगे ती नामसहितको सूची बुझाएका हुन्। निर्वाचन आयोगले आजसम्मका डेट लाइन दिएर दलहरूलाई समानुपातिक सूची बुझाउन भनेको थियो। जसमा जनजाति महिलातर्फ भूमिका सुब्बा र गंगादेवी श्रेष्ठ, पुरुषतर्फ रामबहादुर थापा मगर र कुलभक्त शाक्य सिफारिस भएका छन्।

खस आर्य महिलातर्फ पद्मा अर्याल, टुकाभद्रा हमाल, एशुदा कुमारी बराल (पिछडिएको क्षेत्र) र पुरुषतर्फ गुरु प्रसाद बराल, पुष्पराज कंडेल, थारुतर्फ कृपाराम राना (पुरुष), दलित महिलातर्फ विष्णुमाया वी.के. र नीता घतानी सिफारिस भएका छन्।

भने मधेसी महिलामा रिङ्ला यादव, यशोधा कुमारी यादव, पुरुषतर्फ चन्द्रेश्वर मण्डल र मुस्लिम महिलातर्फ साजिदा सिद्दीकी सिरफारिस भएका हुन्।

## रास्वपा र कांग्रेसले पनि टुंग्याए समानुपातिक सांसद

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेपाली कांग्रेसले समानुपातिकतर्फ विजयी उम्मेदवार हरूको सूची सार्वजनिक गरेका छन्।

रास्वपाले समानुपातिकतर्फ प्राप्त ५७ सिटका लागि उम्मेदवार सिफारिस गरेको छ। पार्टीले विभिन्न क्लस्टरअनुसार उम्मेदवार चयन गर्दा केही चर्चित नामहरू सूचीबाट बाहिरिएका छन् भने नयाँ अनुहारहरू समेटिएका छन्। खस आर्यतर्फ १६ महिला र एक पुरुषको नाम सिफारिस गरिएको छ। पुरुषतर्फ पहिलो नम्बरमा रहेका रमेश प्रसाईं मात्र सिफारिसमा परेका छन्। तर दोस्रो र तेस्रो नम्बरमा रहेका सुदीप ढकाल र प्रमोद न्यौपाने सूचीमा अटाउन सकेनन्।

त्यस्तै आदिवासी जनजातितर्फ १३ महिला र तीन पुरुष, मधेसीतर्फ ६ महिला र तीन पुरुष, दलिततर्फ सात महिला र एक पुरुष सिफारिस भएका छन्। थारु समुदायबाट दुई महिला र दुई पुरुष तथा मुस्लिम समुदायबाट तीन महिला सिफारिस गरिएको रास्वपाले जनाएको छ।

यता नेपाली कांग्रेसले पनि समानुपातिकतर्फ प्राप्त २० सिटका लागि सांसदहरूको नाम टुंग्याएको छ। पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले १५ महिला र पाँच पुरुषको नाम अन्तिम गरेको जानकारी प्रवक्ता देवराज चालिसे ले दिएका छन्।

कांग्रेसले खस आर्य, आदिवासी जनजाति, मधेसी, दलित, थारु र मुस्लिम क्लस्टरअनुसार प्रतिनिधित्व सुनिश्चित गर्ने गरी नाम छनोट गरेको जनाएको छ। प्रस्तावित नामहरू निर्वाचन आयोगबाट क्लस्टरअनुसार रूजु भएपछि अन्तिम रूपमा कायम हुने बताइएको छ। दुवै दलले सार्वजनिक गरेका सूचीमा महिलाको उल्लेख्य प्रतिनिधित्व देखिएको छ, जसले संसदमा लैंगिक समावेशितालाई बलियो बनाउने अपेक्षा गरिएको छ।

# भ्रष्टाचार र बेरोजगारीले निम्त्याएको ८४ अर्बको क्षति

**काँक्रेविहार संवाददाता**
काठमाडौं, १ चैत

नेपाल सरकारको अर्थ मन्त्रालयका लागि त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र केन्द्रीय विभागले तयार पारेको जेनजी आन्दोलनको बुझाइ सार्वजनिक गरेको छ।

यो अध्ययनमा मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र अध्ययन प्रतिवेदनले जेनजी आन्दोनलमा भएको युवा पक्षहरुलाई उजागर गरेको छ।

प्रा.डा. रामप्रसाद ज्ञवाली, डा. प्रांशु नेपाल र डा. दिपक बहादुर अधिकारीको नेतृत्वमा तयार पारिएको यस प्रतिवेदनले उक्त आन्दोलन केवल क्षणिक आक्रोश मात्र नभई देशमा व्याप्त भ्रष्टाचार, कुशासन र आर्थिक अवसरको अभावविरुद्धको सामूहिक प्रतिक्रिया भएको निष्कर्ष निकालेको छ।

डिजिटल प्रविधिमा हुर्किएको सचेत युवा पुस्ताले शासन प्रणालीमा पारदर्शिता र न्यायको अपेक्षा राखे पनि ती पूरा नहुँदा आन्दोलनको रूप लिएको हो।



प्रतिवेदनको कार्यकारी सारांशमा उल्लेख भए अनुसार यो आन्दोलन प्रायः नेतृत्वविहीन, डिजिटल प्लेटफर्ममा आधारित र समावेशी एजेन्डासहित सञ्चालन भएको थियो। यस अध्ययनले आन्दोलनका कारण मुलुकको भौतिक सम्पत्तिमा करिब ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको क्षति भएको उल्लेख गरेको छ।

आन्दोलनका सामाजिक र आर्थिक कारणहरुलाई प्रतिवेदनको उल्लेख छन्। आन्दोलन हुनेको कारणमा राजनीतिक नेतृत्वप्रतिको घट्दो विश्वास, बेरोजगारी र महँगीलाई मुख्य जिम्मेवार मानिएको छ।

विशेष गरी, उच्च शिक्षा हासिल गरेपछि पनि योग्यता अनुसारको रोजगारी नपाउनु र आर्थिक भविष्यप्रतिको अन्योलताले युवाहरूलाई सडकमा आउन बाध्य पारेको देखिन्छ।

आर्थिक दृष्टिकोणबाट प्रतिवेदनले गम्भीर विश्लेषण गरेको छ। प्रतिवेदनमा उल्लेख भएअनुसार आन्दोलनले आर्थिक स्थिरता र निजी क्षेत्रको लगानीको वातावरणमा नकारात्मक प्रभाव पारेको छ। जसले लगानीकर्ताहरूको मनोबल कमजोर बनाएको छ।

युवाहरुले सरकारी रोजगारी प्रक्रियामा पारदर्शिता नभएको, न्यून तलबमा काम गर्नुपर्ने बाध्यता र श्रम बजारको माग अनुसारको शिक्षा नभएकोमा व्यापक असन्तुष्टि व्यक्त गरेका छन्। ५० प्रतिशतभन्दा बढी युवाहरू नेपालमा आफ्नो सीप अनुसारको अवसर नभएको कारण आन्दोनमा गएको देखिन्छ। धेरैले सरकारी नीतिहरू नै अपर्याप्त भएको बताएका छन्। सो प्रतिवेदनमा सुधारका लागि ठोस मार्गचित्र र सुझावहरु प्रस्तुत गरिएको छ। शिक्षालाई सीपमूलक र रोजगारीमा आधारित बनाउनुपर्ने, माध्यमिक तहमा नैतिक शिक्षा अनिवार्य गर्नुपर्ने र सरकारी सेवा प्रवाहलाई झन्झटमुक्त बनाउन एकद्वार प्रणाली लागू गर्नुपर्ने सुझाव दिइएको छ।

आर्थिक नीतिहरु कम्तीमा ५ वर्षका लागि स्थिर हुनुपर्ने उल्लेख छ। एक हजारभन्दा बढी रोजगारी सिर्जना गर्ने उद्यमीलाई आयकरमा छुट दिनुपर्ने जस्ता महत्वपूर्ण आर्थिक सुधारका बुँदाहरु पनि प्रतिवेदनमा समेटिएका छन्।

भ्रष्टाचार नियन्त्रण गर्ने संवैधानिक निकायहरुलाई राजनीतिक प्रभावबाट मुक्त राखी पूर्ण स्वायत्तता दिनु नै युवाको विश्वास जित्ने मुख्य आधार हुने प्रतिवेदनको उल्लेख छ।


## पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं।

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर

जुम्लाको तिला गाउँपालिका-३ की २० वर्षीया अस्मिता नेपालीको मृत्युले फेरि एकपटक कर्णालीको स्वास्थ्य प्रणालीको पीडादायी यथार्थ उजागर गरेको छ । सुत्केरी व्यथा सुरू भएपछि उनी स्थानीय स्वास्थ्यचौकी पुगिन्, तर आवश्यक उपकरण र विशेषज्ञ जनशक्तिको अभावका कारण त्यहाँ उपचार सम्भव भएन । त्यसपछि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शल्यक्रिया गरेर शिशु जन्माइयो, तर आमाको अवस्था जटिल बन्दै गयो । अन्ततः हवाई उद्धारमार्फत सुर्खेतको प्रदेश अस्पतालसम्म ल्याइए पनि उनको ज्यान जोगिन सकेन । फागुन २५ गते सेवा लिन अस्पताल पुगेकी उनको २८ गते राती निधन भयो । उनीबाट एक नवजात शिशु सुरक्षित जन्मियो, तर आमा गुम्नुपरेको यो घटना केवल एउटा परिवारको पीडा मात्र होइन, कर्णालीको स्वास्थ्य सेवाको कमजोर अवस्थाको प्रतीक पनि हो । दुई ठूला अस्पतालसम्म पुग्दासमेत एक सुत्केरी आमाको ज्यान जोगिन नसक्नुले राज्यको स्वास्थ्य प्रणाली कति कमजोर छ भन्ने गम्भिर प्रश्न उठेको छ ।

दुर्गम कर्णालीका लागि यो घटना कुनै नयाँ कथा होइन । यहाँ गर्भवती महिलाले समयमै गुणस्तरीय स्वास्थ्य सेवा पाउनु अझै पनि भाग्यको कुरा बनेको छ । गाउँका स्वास्थ्यचौकीमा न त विशेषज्ञ चिकित्सक छन्, न आवश्यक उपकरण, न आपतकालीन प्रसूति सेवा नै छ । जटिल अवस्था आएपछि मात्रै बिरामीलाई जिल्ला वा प्रदेश अस्पताल लैजानुपर्ने बाध्यता छ । तर सडकको अभाव, यातायातको कठिनाइ र आर्थिक समस्याले गर्दा अस्पताल पुग्दासम्म धेरै महिलाको अवस्था गम्भीर भइसकेको हुन्छ । सरकारले 'राष्ट्रपति महिला उत्थान कार्यक्रम' मार्फत दुर्गम क्षेत्रका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार गर्ने व्यवस्था गरेको छ । आर्थिक वर्ष २०७५-०७६ देखि हालसम्म ८५० भन्दा बढी महिलाको उद्धार पनि गरिएको तथ्यांकले देखाउँछ । यो कार्यक्रम केही हदसम्म उपयोगी पनि रहेको छ तर उद्धार ढिलो हुने, सूचना व्यवस्थापन कमजोर हुने र अस्पताल पुग्दासम्म बिरामीको अवस्था अत्यन्त जटिल भइसकेको हुने समस्या अझै समाधान भएको छैन । यस्तो अवस्थामा केवल उद्धार कार्यक्रमले मात्र समस्या समाधान गर्न सक्दैन । मूल समस्या भनेको स्थानीय तहसम्म प्रभावकारी र सुरक्षित मातृत्व सेवा नपुग्नु हो । यदि गाउँकै स्वास्थ्य संस्थामा आधारभूत प्रसूति सेवा, दक्ष जनशक्ति र आवश्यक उपकरण उपलब्ध हुन्थे भने धेरै महिलालाई ज्यान जोखिममा पारेर लामो दूरी पार गर्नुपर्ने थिएन । भने अस्पतालहरूले बिरामी जटिल अवस्थामा पुगेको कारण देखाउँदै जिम्मेवारीबाट पन्छिनु पनि समाधान होइन । स्वास्थ्य सेवा प्रणालीको दायित्व भनेको जटिलता आउनुअघि नै सेवा उपलब्ध गराउनु हो ।

कर्णालीका स्वास्थ्य संस्थाहरूमा समयमै उपचार, दक्ष चिकित्सक, आवश्यक उपकरण र व्यवस्थित रेफरल प्रणाली नभएसम्म यस्ता घटना दोहोरिइरहनेछन् । कर्णालीका नागरिकले राज्यलाई धेरै पटक एउटै प्रश्न सोधिरहेका छन्, जुन हामीले गुणस्तरीय स्वास्थ्य सेवा कहिले पाउने ? सडक, शिक्षा र विकाससँगै स्वास्थ्य सेवा पनि नागरिकको आधारभूत अधिकार होइन र ? तर दुर्गम क्षेत्रका नागरिक अझै पनि सामान्य उपचारका लागि ज्यान जोखिममा पार्न बाध्य छन् । अस्मिता नेपालीको मृत्युले फेरि एकपटक सरकारलाई गम्भीर प्रश्नको सामना गराएको पनि छ । यदि दुर्गम क्षेत्रका स्वास्थ्य संस्थालाई सुदृढ बनाउने, विशेषज्ञ जनशक्ति पठाउने र मातृस्वास्थ्य सेवामा प्राथमिकता दिने काम अब पनि ढिला गरियो भने यस्ता दुःखद घटना फेरी पनि रोक्न सकिने छैनन् । कर्णालीका आमाहरूले अस्पताल पुग्नुअघि नै ज्यान गुमाउनुपर्ने अवस्था अन्त्य गर्न राज्यले अब शब्द होइन, प्रभावकारी काम देखाउनुपर्छ । किनकि प्रत्येक आमा र नवजात शिशुको जीवन सुरक्षित हुनु नै सभ्य र जिम्मेवार राज्यको पहिचान हो ।

# संसद् विघटनको चक्र तोड्ने शासकीय स्वरूपको 'रोडम्याप'



डा. मानबहादुर बीके

अब नयाँ प्रतिनिधि सभा गठन भइसकेपछि सबैभन्दा पहिलो काम त सरकार गठन नै हुनेछ । त्यसपछि जेनजी आन्दोलनको म्यान्डेट तथा सबै राजनीतिक दल र नागरिक समाजले औंल्याएको संविधान संशोधनको कुरा नै अगाडि बढाउनुपर्ने हुन्छ । यसको लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधि सभामा दुई तिहाइ मत बनाउन सक्ने अवस्था भएता पनि राष्ट्रिय सभामा पुरानै दलबाट प्रतिनिधित्व भएकाले संसद्मा प्रतिनिधित्व गर्ने दलहरूबीच कम्तिमा आधारभूत कुराहरूमा राष्ट्रिय सहमति कायम गर्नुपर्ने हुन्छ ।

जस्तै उदाहरणको लागि शासकीय स्वरूप, संघात्मक संरचना, समावेशिता र आर्थिक प्रणालीका कुराहरू । यी कुराहरू सरकार र जेनजी प्रतिनिधिहरूबीच भएको सम्झौतामा समेत उल्लेख भएका विषयहरू हुन् भने प्रायःजसो राजनीतिक दलको घोषणापत्रमा पनि उल्लेख गरिएको छ । यीमध्ये कतिपय त संविधानले निर्दिष्ट गरेको भएता पनि स्पष्ट रूपमा किटान नभएका कारणले कार्यान्वयन हुन नसकेका वा दुरूपयोग भएका विषयहरू छन् भने कतिपय कुराहरू पुनर्लेखन गर्नुपर्ने छन् । यी विषयमध्ये अहिले यहाँ शासकीय स्वरूपबारे चर्चा गरिँदैछ । यो विषयमा मैले धेरै अगाडिदेखि कलम चलाउदै आएको हु र हालै प्रकाशित मेरो किताब 'समानुपातिक समावेशिताःजेन-जी आन्दोलनको अपेक्षा र संरचनात्मक रूपान्तरण ' भन्ने पुस्तकमा पनि समेटेको छु ।

अबको सरकारको नेतृत्व गर्ने रास्वपाले त सरकार बनेको तीन महिनाभित्र नै संविधान संशोधनको बहसपत्र तयार गर्ने र त्यसमा प्रत्यक्ष कार्यकारीको व्यवस्था गर्ने कुरा आफ्नो बाचापत्रमा कबोल गरिसकेको छ । त्यसका लागि पनि यो रोडम्याप सहयोगी हुन सक्छ ।

संविधान संशोधनका क्रममा अहिले सबैभन्दा महत्वपूर्ण र बहसको केन्द्रमा रहेको विषय शासकीय स्वरूपकै रूपान्तरण हो । विश्वमा प्रचलित बेलायती ढाँचाको संसदीय प्रणाली र अमेरिकाको राष्ट्रपतीय प्रणाली दुवैका आ-आफ्ना फाइदा र कमजोरी रहेका छन् ।

नेपालले २०४७ सालदेखि हालसम्म अवलम्बन गर्दै आएको संसदीय प्रणालीमा जनताले प्रतिनिधि छान्छन् र ती प्रतिनिधिले आफूमध्यबाट सरकार बनाउँछन् । यसको मुख्य कमजोरी भनेको सरकारमा स्थिर नहुनु, काममा भन्दा पनि सत्ता टिकाउने दाउपेजमा नै शक्ति खर्चिनु र मन्त्री प्रधानमन्त्री जस्तो कार्यकारी पदमा समेत जान पाइने हुँदा निर्वाचन धेरै खर्चिलो हुनु आदि अनुभूत गरिएका विषय हुन् । यसको सबैभन्दा घातक पक्ष जनताको सर्वोच्च निकाय संसद्माथि सरकारको नियन्त्रण पनि हो । विगतमा सरकारद्वारा संसद् अधिवेशन सञ्चालन, स्थगन तथा विघटनसम्बन्धी अधिकारको दुरूपयोग भएका दृष्टान्तहरू स्मरणीय छन् । पटक-पटकको प्रतिनिधि सभा विघटनबाट मुलुकले ठूलो क्षति व्यहोर्नु परेको छ ।

हुन त यो विषय संविधान निर्माणको क्रममा पनि धेरै छलफल भएको विषय हो । पहिलो संविधान सभाका बेला संविधान निर्माण प्रक्रिया र संवैधानिक विषयवस्तुहरूबारे राष्ट्रिय/अन्तर्राष्ट्रिय बहस गर्न संवैधानिक संवाद केन्द्र स्थापना भएको थियो । त्यसको राष्ट्रिय व्यवस्थापक भई नेतृत्व गर्ने जिम्मेवारीमा म थिएँ । त्यस बखत सम्भवतः सबैभन्दा बढी छलफल भएको विषयमा यो पनि पर्छ । त्यहाँ केन्या, भारत, दक्षिण अफ्रिका, अमेरिका, न्युजील्याण्डलगायत मुलुकका विज्ञहरू बोलाई छलफल चलाइएको थियो । तर उक्त संविधान सभा विघटन भई दोस्रो संविधान सभामा यो विषय त्यति धेरै छलफल हुन पाएन, संवाद केन्द्र पनि बन्द भई सकेको थियो ।

दोस्रो संविधान सभाले संविधान पारित हुने बेलामा संसदीय प्रणाली (ध्भकतक्ष्लकतभच) नै पारित भई हालसम्म त्यही अभ्यास हुँदै आएको छ । यो अवधिमा सरकारको फेरबदल त कति हो कति प्रतिनिधि सभा विघटन नै दुई पटक भएछ ।

२०४७ सालदेखि ६ पटक संसद् विघटन भएको रहेछ । नेपालमा बारम्बार प्रतिनिधि सभा विघटन हुनु केवल राजनीतिक व्यक्तिहरूको नियत मात्रै होइन, संरचनागत कमजोरीको परिणाम पनि हो । सत्ता जोगाउन प्रतिनिधि सभाका सदस्यहरूलाई कब्जामा लिने काम भए ।

२०४७ साल देखिको हेर्ने हो भने यस्तो विघटन छ पटक भएको रहेछ । नेपालमा प्रतिनिधि सभा बारम्बार विघटन हुनु केवल राजनीतिक व्यक्तिहरूको नियत मात्रै होइन, संरचनागत कमजोरीको परिणाम पनि हो । यसले संसद्मा विश्वास कायम राख्न संख्याको खेलसँगै सत्ता-केन्द्रित गठबन्धन संस्कृति हाबी हुँदै गयो । सत्ता जोगाउन प्रतिनिधि सभाका सदस्यहरूलाई कब्जामा लिनेसम्मका काम भए । पछिल्लो समय विनियोजन विधेयकमा प्रतिनिधि सभा सदस्यहरूको लागि तोकेरै बजेट व्यवस्था गर्ने चलन आयो । कानुन निर्माणमा लागि निर्वाचित सदस्यहरू बढी कार्यपालिकीय भूमिका तिर मुखरित भए । परिणामतः गणतन्त्रमा आउँदासम्म कतिपय पञ्चायतकालीन कानुनले नै निरन्तरता पाइरह्यो । कानुन निर्माणमै पनि स्वार्थको द्वन्द्व प्रष्टै देखिएका उदाहरणहरू छन् ।

यस्तो हुनुमा नेतृत्वको नियत, राजनीतिक संस्कार र शासकीय शैली मात्र हैन संविधानले तय गरेका संरचनागत कमजोरीहरू पनि कारक रहे । संविधानले नै सबैभन्दा कमजोर अर्थात् विश्वासको मत गुमाएको प्रधानमन्त्रीले जननिर्वाचित सर्वोच्च निकाय प्रतिनिधि सभा नै भङ्ग गर्न सक्ने (धारा ७६ को ७) अधिकार दिएको छ । यही प्रावधानको आडमा पटक-पटक प्रतिनिधि सभा भङ्गको मार मुलुकले व्यहोर्नु पर्‍यो । त्यस्तै संसद्को अधिवेशनको आव्हान र अन्त्य पनि कार्यपालिका कै सिफारिसमा राष्ट्रपतिले गर्ने संवैधानिक व्यवस्था (धारा ९३)ले पनि सरकारले आफ्नो स्वार्थअनुसार आव्हान र अन्त्य गर्ने गरेको पाइन्छ । कतिपय बेला त सभा बसिरहेको बेला अन्त्यको सूचना प्राप्त भएको घटना पनि छ । धेरै पटक संसद्लाई सरकारको छायाँको रूपमा पनि आलोचना गरिएको छ । यस अर्थमा संसद् शक्ति सन्तुलनमा कत्तिको स्वायत्त छ भन्ने प्रश्न उठी नै रह्यो ।

यी कुराको पृष्ठभूमिमा केही समयअघिदेखि नै शासकीय स्वरूप बदल्नुपर्ने कुरा उठ्दै आएको थियो । जेनजी आन्दोलनले यसलाई अझै सतहमा उतारेको छ । अहिले प्रतिनिधि सभाको निर्वाचनमा धेरैजसो राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमा शासकीय स्वरूपमा परिवर्तन गर्नुपर्ने कुरा उल्लेख गरेका छन् भने कतिपयले त तोकेरै प्रत्यक्ष निर्वाचित कार्यकारीको व्यवस्था गरिने उल्लेख गरेका छन् । तथापि कस्तो र कसरी भन्नेबारे कसैले प्रष्ट पारेका छैनन् । यसको विरोध गर्नेहरूले यो प्रणालीले शासक झन् अधिनायक बन्ने र एकछत्र आधिपत्य जमाउने तर्क गर्ने गरेका छन् । तसर्थ यहाँ यी दुवै कुराबाट जोगिँदै कस्तो किसिमको शासकीय स्वरूप उपयुक्त हुन्छ भन्ने विश्लेषण गरिएको छ ।

मूलतः हाम्रो संसदीय प्रणालीमा पनि प्रधानमन्त्री नै सर्वेसर्वा हुन्छन् । सिद्धान्ततः मन्त्रिपरिषद्मा सामूहिक निर्णय हुने भनिए तापनि त्यस्तो अभ्यास हुँदैन, प्रधानमन्त्रीकै हैकम चल्छ । कतिपय निर्णयहरू त पछिबाट प्रधानमन्त्रीले थप्न लगाएको दृष्टान्त पनि देखिएकै हो । यी दुईमा फरक संसदीय प्रणालीमा मन्त्रिपरिषद्को निर्णयका रूपमा मुख्य सचिवबाट हस्ताक्षर गराइन्छ भने राष्ट्रपतीय प्रणालीमा राष्ट्रपतिले कार्यकारी आदेश आफ्नै हस्ताक्षरमा जारी गर्छन् । राष्ट्रपतीय प्रणालीमा मन्त्रालयका रूपमा विभिन्न विषयगत विभागहरू हुन्छन् र मन्त्रीको हैसियतमा विज्ञहरूबाट राष्ट्रपतिले विभागीय प्रमुख नियुक्त गर्छन् । यसले गर्दा कार्यपालिकीय कामहरू छिटो छरितो हुन्छन् । राष्ट्रपतिले कार्यकारी आदेश जारी गर्दा सम्बन्धित विभागको राय/सिफारिस लिने चलन त छ तर अनिवार्य हुँदैन । तथापि त्यस्ता कार्यकारी आदेश संसद्ले बनाएको कानुनअन्तर्गत भने हुनैपर्छ ।

कानुनविपरीत भए न्यायिक परीक्षण त व्यहोर्नै पर्छ । यहाँजस्तो संसद्ले बनाउने कानुन कै हैसियतको अध्यादेश ल्याउन सक्ने हैसियत सरकार अर्थात् राष्ट्रपतिलाई हुँदैन । हामी कहाँ यसको पनि स्वेच्छाचारी दुरूपयोग हुने गरेको छ । राष्ट्रपतिलाई संसद्ले पारित गरिदिएको बजेट अनुसार काम गर्नुपर्ने हुन्छ । देशको ढुकुटी परिचालनको अन्तिम अधिकार (एयधभच या तजभ एगचकभ) सारभूत रूपमा संसद्मै हुन्छ । बजेटको मस्यौदा त राष्ट्रपतिले पेश गर्छन् तर यहाँ जस्तो संसद्ले छलफल मात्र गर्ने, चलाउन नपाउने हुँदैन । संसद्ले बजेटमा थपघट गर्न, कार्यक्रम थप्न वा हटाउन वा खर्च गर्ने शर्तहरू राख्न स्वतन्त्र हुन्छ र त्यही परिधिभित्र रही सरकारले खर्च गर्नु पर्छ । सरकारले बजेटमा चलखेल गर्न पाउने दायरा हुँदैन ।

यहाँ जस्तो संसद्को अधिवेशनको आह्वान र अन्त्य सरकारको हातमा हुँदैन, संसद् आफैंले अधिवेशनको तालिका स्वतन्त्र ढंगले निर्धारण गर्छ । हाम्रोमा सबैभन्दा कमजोर अवस्थामा पुगेको प्रधानमन्त्रीले प्रतिनिधि सभा नै विघटन गर्न सक्ने प्रावधान र त्यसको स्वेच्छाचारी प्रयोग सबैभन्दा त्रुटिपूर्ण देखिन्छ । प्रतिनिधि सभा विघटन हुने प्रावधान नै हुँदैन अर्थात् आफ्नो पूरा अवधि निर्बाध रूपमा व्यतीत गर्न पाउँछ । राष्ट्रपतिले गम्भीर गल्ती वा अधिकारको दुरूपयोग गरेमा महाभियोग सामना गर्नु त पर्छ नै, संसद्को दुईतिहाइले हटाउनसमेत सक्छ । यस अर्थमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका एक आपसमा शक्ति सन्तुलनसहित स्वायत्त हुन्छन् । यसरी हेर्दा सरकार बनाउने र भत्काउने कुराबाहेक अन्य कुरामा राष्ट्रपति प्रणालीभन्दा हामीले अभ्यास गरेको संसदीय प्रणालीमा सरकार अर्थात् प्रधानमन्त्री बढी हाबी रहने प्रावधान देखिन्छ । अब हामीले कस्तो शासकीय ढाँचा अपनाउने त भन्ने सवाल संविधान संशोधनको सन्दर्भमा सबैभन्दा महत्वपूर्ण देखिन्छ । हामीले अभ्यास गर्दै आएको वेस्टमिनिस्टर प्रणाली उपयुक्त भएन भन्ने कुरामा सबै राजनीतिक दलहरू, नयाँ पुस्ता र अधिकांश नागरिकहरू सहमत छन् । तसर्थ अबको ढाँचा हाम्रो मुलुक र नेतृत्वको शासकीय शैली समेतलाई मध्यनजर गर्दै मध्यमार्गी ढाँचा अर्थात् प्रत्यक्ष निर्वाचित नियन्त्रित कार्यकारी प्रमुख उपयुक्त हुन्छ ।

संविधानले नै सबैभन्दा कमजोर अर्थात् विश्वासको मत गुमाएको प्रधानमन्त्रीले जननिर्वाचित सर्वोच्च निकाय प्रतिनिधि सभा नै भङ्ग गर्न सक्ने अधिकार दिएको छ । प्रधानमन्त्रीले प्रतिनिधि सभा नै विघटन गर्न सक्ने प्रावधान र त्यसको स्वेच्छाचारी प्रयोग सबैभन्दा त्रुटिपूर्ण देखिन्छ ।

हाम्रोजस्तो मुलुकमा सरकार प्रमुखका अलावा दुई-दुईवटा राष्ट्रपति र उपराष्ट्रपति अझै प्रदेश प्रमुखसमेत गणना गर्दा नौ जना आलङ्कारिक पद मात्रै होइन ठूला अनुत्पादक खर्चिला संरचनाहरू छन् । हुन त जेनजी आन्दोलनपछि राष्ट्रपति भएकाले समाधान निस्कियो भन्ने तर्क पनि आउन सक्छ । तर बाँकी पृष्ठ ३

# रञ्जित रेको नजरमा जेन-जी सरकार र नेपालको आगामी यात्रा



रञ्जित रे

स्थापना भएको चार वर्षमै राष्ट्रिय स्वतन्त्र पार्टीले विशाल बहुमत प्राप्त गरेसँगै नेपाली राजनीतिमा ठूलो हलचल आउँदैछ । नेपाली कांग्रेस, नेकपा एमाले र माओवादीजस्ता तीन दशकयता पुराना र स्थापित पार्टीहरू तल्लो सदनमा दुई अंकको प्रतिनिधित्वमा सीमित भएका छन् । माओवादी नेता पुष्पकमल दाहाल प्रचण्डबाहेक यी पार्टीहरूका प्रायः सबै शीर्ष नेतृत्व पराजित भएका छन् ।

उनीहरूलाई शिक्षित, प्रविधिमा रुची राख्ने, व्यहारिक र सिद्धान्तमा कम विश्वास गर्ने नयाँ, युवा नेताहरूले प्रतिस्थापन गरेका छन् । हाल नयाँ संसदको औसत उमेर ४३ वर्ष छ । अमेरिकाबाट फिरेका रास्वपाका संस्थापक रवि लामिछानेजस्तै हुनेवाला प्रधानमन्त्री बालेन्द्र शाहले पनि इन्जिनियरिङमा भारतबाट डिग्री प्राप्त गरेका छन् । काठमाडौंको मेयरका रुपमा उनको काम पनि स्थापित छ । यस चुनावको परिणमलाई पुराना शक्ति पूरै अस्वीकृत भएको र नयाँ पुस्ताबाट डेलिभरीको राष्ट्रिय आकाङ्क्षा व्यक्त भएको सङ्केतका रुपमा हेर्न सकिन्छ ।

अवश्य पनि, रास्वपाले मुलुकको शासनमा अर्थपूर्ण परिवर्तनको अपेक्षासहित गत भदौ २३ र २४ मा भएको जेन-जी प्रदर्शनको अपनत्व लिएको थियो । प्रदर्शनको तत्कालीन कारण केपी ओली सरकारले केही लोकप्रिय सामाजिक सञ्जाल बन्द गर्नु रहेको भए पनि भ्रष्टाचार र असमानताबारे जनताको गुनासो धेरै गहिरो थियो जुन प्रदर्शनका क्रममा भाइरल भएको नेपोकिड्स ह्यासट्याग र २० प्रतिशत बेरोजगारी दरका कारण श्रम गर्न एक तिहाइ जनसंख्या देशबाहिर रहेको तथ्यबाट प्रष्ट हुन्छ ।

नेपालको नयाँ नेतृत्वका लागि सबैभन्दा महत्वपूर्ण एजेण्डा भ्रष्टाचार मुक्त सरकार र आर्थिक विकास रहेको छ । यस चुनाव अरू हिसाबमा पनि उत्तिकै महत्वपूर्ण छ । सघन जनसङ्ख्या रहेको मधेश प्रदेशको भूमिपुत्रका रुपमा आफूलाई चिनाएका बालेन्द्रले पूरै देशलाई एकताबद्ध बनाएका छन् भने क्षेत्रीय र जातीय विभाजन कम गरेका छन् ।

> मधेशी अधिकारको सङ्घर्षमा अगुवाका रूपमा रहेका दक्षिण भेगको तराईका क्षेत्रीय पार्टीहरूले खराब प्रदर्शन गरेका छन् । राजसंस्था पुनःस्थापनाको वकालत गर्ने राष्ट्रिय प्रजातन्त्र पार्टी पनि नराम्ररी पराजित भएको छ, यो पार्टीले प्रत्यक्षमा केबल एक सिट जितेको छ ।

मधेशी अधिकारको सङ्घर्षमा अगुवाका रुपमा रहेका दक्षिण भेगको तराईका क्षेत्रीय पार्टीहरूले खराब प्रदर्शन गरेका छन् । राजसंस्था पुनःस्थापनाको वकालत गर्ने राष्ट्रिय प्रजातन्त्र पार्टी पनि नराम्ररी पराजित भएको छ, यो पार्टीले प्रत्यक्षमा केबल एक सिट जितेको छ ।

यस घटनाक्रमसँगै भारतले हाम्रो छिमेक प्रथम नीतिलाई ताजा नजरले हेर्नु आवश्यक छ । राम्रोसँग परिचित परम्परागत नेताहरुजस्तो नवप्रवेशीहरूको भारतसँग बलियो सम्बन्ध छैन । पक्कै पनि, नेपालको विकास र समृद्धिका लागि भारतको महत्वबारे उनीहरू जानकार छन् र निकट सम्बन्ध स्थापना गर्न चाहन्छन् । प्रधानमन्त्री नरेन्द्र मोदीले रवि-बालेन्द्र जोडीसँग न्यानो टेलिफोन संवाद गरिसक्नुभएको छ ।

यसपछि अरू कुराकानी पनि गर्दै जानुपर्छ । यदी अनुरोध भएको खण्डमा तत्कालै हामीले सहयोगको प्रस्ताव गर्नसक्ने क्षेत्र चाहिँ खाडी मुलुकबाट भारतीयसँगै नेपाली नागरिकको उद्धार हुनसक्छ । अर्को सहयोगका क्षेत्र चाहिँ समयअगावै संयुक्त आयोगको बैठक बोलाएर विकास साझेदारी र कनेक्टिभिटी कार्यक्रमलाई मजबुत बनाउने हुनसक्छ ।

जलविद्युत् साझेदारी उसै पनि राम्रोसँग अघि बढिरहेको छ, तर ६ हजार मेगावाटको पञ्चेश्वर बहुउद्देश्यीय जलविद्युत् परियोजनाको कामलाई द्रूत गतिमा अघि बढाउन आवश्यक छ । नेपालका स्टार्टअपलाई भारतसँग जोड्ने स्टार्टअप साझेदारी सञ्जाललाई विस्तार गर्नुपर्छ । बलियो बहुमतको सरकारसँगै यसै क्रममा सन् १९५० को शान्ति तथा मैत्री सन्धि र सीमा विवादजस्ता संवेदनशील राजनीतिक मुद्दाबारे छलफल पनि अघि शुरु हुनसक्छ ।

केही वर्षदेखि एकीकृत कम्युनिष्ट गुट निर्माण गर्ने प्रयासमा रहेको चीनलाई नेपालमा कम्युनिस्ट पार्टीको पराजयले धक्का लागेको छ । बेल्ट एण्ड रोड परियोजनाका केही संयुक्त परियोजना पुनरावलोकन हुने सम्भावना छ ।

नेपालमा भने यो उत्साह, आशा र प्रतिज्ञाको क्षण हो । यो चुनावले पुराना शक्तिलाई बाहिरिने ढोका देखाएको छ । नयाँ क्षितिजको उदय भएको छ । भारतले नयाँ नेतृत्वसँग पूर्ण समर्थन, संलग्नता र साझेदारी देखाउनैपर्छ ।

*नेपालका लागि भारतका पूर्वराजदूत रेले इण्डिया टूडेका लागि तयार पारेको सामग्री*

# ग्याँस अभावसँगै सीमामा तस्करीको प्रयास



**काँक्रेविहार संवाददाता**
भैरहवा, १ चैत

भैरहवा र आसपासका क्षेत्रमा एलपी ग्यासको अभाव देखिएसँगै नेपाल-भारत सीमामा ग्यास तस्करी गर्ने प्रयास बढेको पाइएको छ। प्रहरीले अवैध रूपमा ओसारपसार गर्न लागिएका नौ वटा भरिएका ग्यास सिलिन्डर नियन्त्रणमा लिएको छ।इलाका प्रहरी कार्यालय बेलहियाका अनुसार भारतबाट नेपालतर्फ ल्याइँदै गरेको तथा नेपालबाट भारततर्फ लैजान खोजिएको गरी नौ वटा ग्यास सिलिन्डर नियन्त्रणमा लिइएको हो। सीमावर्ती क्षेत्रमा गरिएको निगरानीका क्रममा ती सिलिन्डर बरामद गरिएको प्रहरीले जनाएको छ।

रुपन्देहीका प्रहरी उपरीक्षक जनकबहादुर शाहीले पछिल्लो समय सीमामा ग्यास ओसारपसार गर्ने प्रयास देखिएकाले निगरानी कडा पारिएको बताए। भारततर्फ ग्यासको मूल्य बढी हुनुका साथै त्यहाँ अभाव देखिएकाले नेपालबाट ग्यास लैजान खोजिएको उनको भनाइ छ। यता भैरहवा र आसपासका बजारमा भने ग्यास अभाव देखिएको छ। उपभोक्ताले सहज रूपमा ग्यास सिलिन्डर नपाउँदा दिनभरि पसल-पसल धाउनुपर्ने अवस्था रहेको छ। धेरै पसलले स्टक सकिएको भन्दै उपभोक्तालाई फर्काउने गरेका छन्।

भैरहवा भन्सार कार्यालयले भने ग्यास आयातमा कुनै कमी नभएको जनाएको छ। भन्सार प्रमुख हरिहर पौडेलका अनुसार निर्वाचनका कारण एक-दुई दिन आयातमा सामान्य अवरोध भए पनि अहिले आयात पुनः नियमित भइसकेको छ।

एलपी ग्यासको आयातमा अहिले कुनै समस्या छैन, उनले बताए यस नाकाबाट दैनिक करिब १० देखि १५ वटा ग्यास बुलेट आउने गरेका छन्। स्थानीय ग्यास विक्रेताका अनुसार अन्तर्राष्ट्रिय परिस्थितिका कारण ग्यास अभाव हुन सक्ने आशङ्काले उपभोक्ताले एक्कासि धेरै सिलिन्डर भरेर मौज्दात राख्न थालेपछि बजारमा अभाव देखिएको हो।

ग्यास विक्रेता सङ्घ रुपन्देहीका उपाध्यक्ष राममिलन यादवका अनुसार पहिले भैरहवा, लुम्बिनी, छपिया, धकधई र मर्चवार क्षेत्रमा दैनिक करिब १,५०० देखि २,००० सिलिन्डरसम्म बिक्री हुने गरेको थियो।

पछिल्लो समय माग झन्डै दोब्बर बढेकाले बजारमा आपूर्तिमा दबाब परेको यादवले बताए। उपभोक्ताको मौज्दात गर्ने प्रवृत्ति, सीमामा भइरहेको ग्यास ओसारपसार तथा अचानक बढेको मागका कारण भैरहवा क्षेत्रमा ग्यास अभाव देखिएको जनाइएको छ।

## सूचना

कोहलपुर न.पा. वडा नं. १२ बस्ने म हुत नारायण श्रेष्ठ र मेरो श्रीमती तिल कुमारी श्रेष्ठको नेपालको नागरिकताको प्रमाणपत्रमा उल्लेख भएको नाम, थर र पेन्सन कार्डमा उल्लेख भएको नाम, थर फरकफरक परेको हुँदा दुबै कागजातमा उल्लेखित नाम एउटै व्यक्ति भएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ।

**मेरो नागरिकताको नाम तथा थर:** हुत नारायण श्रेष्ठ

**मेरो श्रीमतीको नागरिकताको नाम तथा थर:** तिल कुमारी श्रेष्ठ

**पेन्सन कार्डमा उल्लेखित नाम:** तिल कुमारी प्रधान

**पेन्सन कार्डमा उल्लेख भएको नामथर:** हत नारायण प्रधान

यी सबै नामहरू मेरो र मेरो श्रीमतीकै नाम भएको व्यहोरा सबैमा जानकारी गराइन्छ।

***हुत नारायण श्रेष्ठ** (९८४४८२८३९९)*

## संसद्...

राष्ट्रपतीय प्रणालीमा उपराष्ट्रपति कार्यकारी भूमिकामा नहुने हुँदा यस्तै सुरक्षा कवचको लागि यो पद राखिएको हुन्छ। धेरै मुलुकमा यस्तै अभ्यास रहेको छ। तसर्थ हामी कहाँ पनि नियन्त्रित राष्ट्रपति प्रणालीको ढाँचा अपनाउन उपयोगी देखिन्छ। अर्थात् कार्यकारी राष्ट्रपतिको व्यवस्था गर्ने र प्रत्यक्ष मतदानबाट निर्वाचन गर्ने तथा राष्ट्रपतिले कार्यपालिकाको नेतृत्व गर्ने व्यवस्था मिलाउन उनलाई समावेशिताका आधारमा विज्ञहरूको आफ्नो क्याबिनेट गठन गर्न पाउने व्यवस्था गर्ने। यसो गर्न संसद्ले राष्ट्रपतिको काम कर्तव्य र अधिकारसम्बन्धी अलग्गै ऐन बनाउनु पर्छ र संसद्मा विशेष समितिमार्फत् सरकारकोकामकारबाहीकोनियमित निगरानी हुने व्यवस्था मिलाउनु पर्दछ। त्यसैमा राष्ट्रपतिबाट नियुक्ति हुने क्याबिनेटका सदस्यहरूको संसदीय समितिबाट सुनुवाइ हुने वा अनुमोदन हुने प्रावधान राख्न सकिन्छ।

यसो गरेपछि संसद्ले सरकार बनाउन नसक्ने हुँदा अप्राकृतिक गठबन्धन हुने वा संसद् विघटन हुने कुरा रोकिन्छ। प्रतिनिधि सभा पनि ढुक्कले आफैँले बनाएको कार्यतालिका अनुसार पुरै अवधि चल्ने सुनिश्चित हुन्छ अर्थात् विघटित हुने डर हुँदैन। तथापि दक्षिण अफ्रिकालगायत मुलुकमा जस्तो विशिष्ट परिस्थितिमा आफैँले दुई तिहाइको निर्णयबाट संस्द् भङ्ग हुने व्यवस्था राख्न सकिन्छ। राष्ट्रपतिलाई सघाउन र उनको अनुपस्थितिमा राष्ट्रपतीय भूमिका निभाउन उपराष्ट्रपतिको व्यवस्था पनि गरिनु पर्छ। उनलाई क्याबिनेटको उपाध्यक्ष, संवैधानिक परिषद्को अध्यक्ष तथा हालको प्रदेश प्रमुखहरूले गर्ने कामको जिम्मेवारी दिन उपयुक्त हुन्छ। यसो गर्दा उपराष्ट्रपति पनि इङ्गेज हुन्छन्। राष्ट्रपति दुई कार्यकालभन्दा बढी नहुने र यी पदहरूमा स्वतन्त्र व्यक्ति पनि उठ्न पाउने व्यवस्था गरिनुपर्ने हुन्छ। यसले समावेशिताको दायरा पनि फराकिलो बन्छ। राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र राष्ट्रिय सभाको अध्यक्षजस्ता राज्यका मुख्य पदहरूमा विविधता देखिने प्रावधान राखिनुपर्छ।

महाअभियोगको प्रावधान त हुने नै भयो त्यसका अलावा तीन वर्ष पुगेपछि फिर्ता बोलाउन सकिने (च्ष्नजत तय च्भअबोौ) को प्रावधान पनि राख्न उपयुक्त हुन्छ। सेनाको प्रमुख राष्ट्रपति भएता पनि राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा मात्रै सैनिक परिचालन गर्न पाइने व्यवस्था राखिनुपर्छ। त्यसका लागि अलग्गै राष्ट्रिय सुरक्षा ऐन जारी गरिनुपर्छ जसले सेना परिचालनको दायरा स्पष्ट किटान गरोस् र त्यसको निगरानी संसद्ले गरोस्।

राष्ट्रपति संविधान र जनताप्रति पूर्ण उत्तरदायी हुनुपर्ने र त्यसको प्रथम माध्यम संसद् हुनुपर्ने व्यवस्था मिलाउनुपर्छ। राष्ट्रपति र उपराष्ट्रपति निर्वाचित भए पछि दलीय पदमा नरहने र दल विशेषका कार्यक्रममा संलग्न हुन नपाउने संवैधानिक व्यवस्था नै गर्नु पर्छ।

संसद्बाट पारित भएका विधेयकहरू राष्ट्रिय सभाको अध्यक्ष र सभामुखले संयुक्त रूपमा प्रमाणित गरिने व्यवस्था उपयुक्त हुन्छ।

यति भएपछि अब प्रश्न आउँछ निर्वाचन कसरी गराउने त? सामान्यतया प्रतिनिधि सभाको चुनावसँगै प्रत्यक्ष निर्वाचनको माध्यमबाट राष्ट्रपति र उपराष्ट्रपति चुनिने व्यवस्था गरिनुपर्दछ। दुवैको पदावधि एउटै भएको र प्रतिनिधि सभा विघटन नहुने भएपछि यो संभव छ।

यदि यसो हुन सकेन भने प्रदेश वा स्थानीय निर्वाचनसँग मिलाएर पनि गर्न सकिन्छ। मुलुकका लागि सर्वाधिक महत्वको निर्वाचन हुने भएकाले अलग्गै गर्नुपर्ने पनि हुन्छ। यसको लागि मुलुक नै एक निर्वाचन क्षेत्रका रूपमा राजनीतिक दलका प्रतिनिधि र/वा स्वतन्त्र व्यक्तिहरू राष्ट्रपति र उपराष्ट्रपतिका लागि उम्मेदवार हुन पाउने व्यवस्था हुने नै छ। तर दलबाट उम्मेदवार चयन गर्दा आन्तरिक लोकतान्त्रिक तरिकाले गर्नुपर्ने व्यवस्था मिलाउनु पर्छ। निर्वाचनमा जसले कुल मतको ५० प्रतिशत प्लस मत ल्याउँछ र प्रादेशिक प्रतिनिधित्व समेत देखिन कम्तीमा पाँचवटा प्रदेश (प्रदेशको संख्या हेरफेर हुँदा सोही अनुसार)बाट प्रदेशमा खसेको मतको कम्तीमा १० प्रतिशत हासिल गर्छ ऊ चाहिँ विजेता हुने व्यवस्था गर्नु उपयुक्त हुन्छ। तर धेरै उम्मेदवारबीच मतविभाजन हुँदा ५० प्रतिशत मत एउटैले ल्याउन सम्भव हुँदैन। त्यस्तो अवस्थामा पटक-पटक प्रत्यक्ष निर्वाचन गराउन पनि सम्भव देखिँदैन र खर्चिलो पनि हुन्छ।

# दशकौं बित्दा पनि स्तरोन्नति हुन सकेन कर्णाली राजमार्ग

**काँक्रेविहार संवाददाता**
कालीकोट, १ चैत

कर्णाली राजमार्गको स्तरोन्नतिको मुद्दा उठ्न थालेको तीन दशकभन्दा बढी समय बितिसक्दा पनि काम अझै अधुरै रहेको छ। विभिन्न राजनीतिक दलका नेताले हरेक चुनावमा यसलाई प्रमुख एजेन्डा बनाउने गरे पनि राजमार्गको अवस्था भने सुधार हुन सकेको छैन।

विसं २०४८ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले कर्णाली राजमार्गको शिलान्यास गरेका थिए। त्यसयता २०५१ सालदेखि नै यो विषय चुनावी मुद्दा बन्दै आएको भए पनि राजमार्ग स्तरोन्नतिको काम पूरा हुन सकेको छैन।

परिणामस्वरूप यात्रुहरू धुलाम्मे र हिलाम्मे सडकमा जोखिमपूर्ण यात्रा गर्न बाध्य छन्। बारम्बार हुने दुर्घटना, पहिरो र जीर्ण सडकका कारण स्थानीय बासिन्दा तथा पर्यटकले सास्ती भोगिरहेका छन्।

यसले कर्णाली क्षेत्रको विकास र स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउने प्रक्रियामा समेत प्रत्यक्ष असर पारेको छ। विसं २०६३ चैत ३० गतेदेखि नियमित सञ्चालनमा आएको २३२ किलोमिटर लामो कर्णाली राजमार्गमा सडक विभागले १४ वटा पुल निर्माणका लागि करिब एक अर्ब १३ करोड रुपैयाँ खर्च गरिसकेको छ।

साथै कालोपत्रे र पर्खाल निर्माणका लागि विश्व बैंकको सहयोगमा करिब दुई अर्ब रुपैयाँ खर्च भए पनि राजमार्गको अवस्था अपेक्षाअनुसार सुधार हुन सकेको छैन। विसं २०७२ मा करिब एक अर्ब रुपैयाँ खर्च गरेर गरिएको कालोपत्रेको झन्डै ८० प्रतिशत भाग उप्किएपछि सडक पुनः धुलाम्मे र हिलाम्मे बनेको छ, जसका कारण यात्रुले थप सास्ती भोगिरहेका छन्।

बस चालक दीर्घबहादुर केसीका अनुसार कर्णाली राजमार्गमा सवारी साधन चलाउनु निकै जोखिमपूर्ण छ। पाँच वर्षदेखि उक्त राजमार्गमा गाडी चलाउँदै आएका केसी भन्छन् धेरै ठाउँमा सडक पाँच मिटर मात्र चौडाइको छ र घुम्ती नमिलेकाले गाडी ब्याक गरेर यात्रा गर्नुपर्ने अवस्था हुन्छ।

सुर्खेतबाट जुम्ला जाँदा गाडीको पट्टा नभाँचिएको वा टायर नपड्किएको दिन विरलै हुन्छ। कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार २०७२ यता कर्णाली राजमार्गमा भएका दुर्घटनामा ९०१ जनाको मृत्यु भएको छ भने एक हजार ५२७ जना घाइते भएका छन्।

विसं २०६६ चैत ५ गते दैलेखको किटुमा भएको बस दुर्घटनामा ४२ जनाले ज्यान गुमाएका थिए भने २०६९ असोजमा कालीकोटको सेराबाडास्थित बिर्तामोडमा भएको दुर्घटनामा २८ जनाको मृत्यु भएको थियो। कर्णाली प्रदेश प्रहरी प्रमुख डिआइजी जयराज सापकोटाका अनुसार साँघुरो र अप्ठ्यारो सडक, क्षमताभन्दा बढी यात्रु राख्ने प्रवृत्ति, पुराना सवारी साधन तथा ट्राफिक नियमको बेवास्ता जस्ता कारणले दुर्घटना बढिरहेका छन्।

कर्णालीको कठिन भूगोल र जीर्ण सडकका कारण दुर्घटना रोक्न चुनौतीपूर्ण बनेको छ, उनले बताए। सडक डिभिजन कार्यालय जुम्लाका पूर्वप्रमुख लीलाबहादुर भण्डारीका अनुसार कर्णाली राजमार्ग निर्माणको सुरुवाती चरणमै इन्जिनियरिङ मापदण्ड पूर्ण रूपमा पालना हुन सकेन। "सुरुमा नै राजमार्ग दुई लेनको हुनुपर्ने थियो। सेनाले हतारमा निर्माण गर्दा मापदण्ड पूरा हुन सकेन र पछि सुधार गर्न खोज्दा पनि पूर्ण रूपमा सम्भव भएन, उनले बताए।

**चामुण्डा बिन्द्रासैनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जम्बुकाँध, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

## दरखास्त आह्वान गरिएको सम्बन्धी सूचना

सूचना नं. ०५/२०८२/०८३
(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।११।२८)

यस चामुण्डाबिन्द्रासैनी नगरपालिका दैलेखमा सञ्चालित जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोना (Laccp) अन्तरगत स्थानीय तह/उपभोक्ता समितिहरूलाई प्राविधिक सहयोग गर्न तथा वन व्यवस्थापन, जीविकोपार्जन, सरसफाइ तथा स्वच्छता, खानेपानी, सिंचाइ र सामाजिक परिचालन सम्बन्धी कार्यमा सहजीकरण गर्न जलवायु अनुकुलन स्थानीय अनुकुलन पिरियोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८२" बमोजिम तपशिल बमोजिमको जनशक्ति सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (मिति २०८२।१२।१२ गते) कार्यालय समयमा चामुण्डाविन्द्रासैनी नगरकार्यपालिकाको कार्यालयमा रितपूर्वक दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट कार्यालय समयमा दरखास्त पेश गर्न सकिने छ।

**दरखास्त साथ संलग्न गर्नु पर्ने कागजातहरू:**

- संक्षिप्त वैयक्तिक विवरण (आवेदन फारमको दस्तखत सहितको)।
- नेपाली नागरिकता, शैक्षिक योग्यताका प्रमाण-पत्र, तालिम सम्बन्धी प्रमाण-पत्र तथा कार्यानुभव प्रमाण-पत्रहरूको प्रतिलिपि।

**तपसिल:**

**क) माग पदहरू, संख्या र न्युनतम् शैक्षिक योग्यता:**

| वि.नं. | पद | तह/संख्या | न्युनतम् शैक्षिक योग्यता तथा कार्य अनुभव |
|---|---|---|---|
| ०५-२०८२/८३ | जलवायु परिवर्तन स्थानीय अनुकुलन (Laccp) परियोजना अधिकृत | अधिकृत छैटौं तहः १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीण गरी खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा, जीविकोपार्जन आदि क्षेत्रमा न्यूनतम पाँच वर्षको अनुभव प्राप्त। |
| ०६-२०८२/८३ | सब-ईन्जिनियर | सहायक पाँचौ तह- १ जना | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङमा प्रविणता डिप्लोमा तह उतीर्ण गरी खानेपानी सरसफाइ स्वच्छता, सिंचाइ, प्राकृतिक स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा जीविकोपार्जन सम्बन्धी योजना सर्वेक्षण, डिजाइन तथा निर्माण सुपरिवेक्षणमा न्यूनतम तीन वर्षको अनुभव प्राप्त। |
| ०७-२०८२/८३ | जलस्रोत प्राविधिक | सहायक चौथो तह-१ जना | सिभिल इन्जिनियरिङ विषयमा प्राविधिक एस.इ.इ./एस.एल.सी. वा मान्यता प्राप्त शैक्षिक संस्था र परियोजनाबाट कम्तीमा ३० दिने खा.पा.स.टे. तालिम प्राप्त। खानेपानी सरसफाइ स्वच्छता, सिँचाइ, बहुउपयोगी योजना, कृषि, बायोइन्जिनियरिङ्ग वा अन्य सम्बन्धित पूर्वाधार निर्माणको कार्यान्वयनमा कम्तीमा २ वर्षको अनुभव। |
| ०८-२०८२/८३ | सामाजिक परिचालक | सहायक चौथो तह- १ जना | एस.इ.इ./एस.एल.सी. वा सो सरह। खानेपानी सरसफाइ स्वच्छता, प्राकृतिक स्रोत व्यवस्थापन, कृषि, जीविकोपार्जन क्षेत्रमा क्षमता विकास, सामाजिक परिचालन, योजना तर्जुमा आदिमा कम्तीमा २ वर्षको अनुभव। |

**ख) अन्य विवरण:**

- पहिलो पटक सूचना प्रकाशित भएको मिति देखि १५ (पन्ध्र) दिनभित्र आवेदन चामुण्डा बिन्द्रासैनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय जम्बुकाँध, दैलेखमा कार्यालय समयभित्र दरखास्त बुझाउनु पर्नेछ। दरखास्त दिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयभित्र दरखास्त पेश गर्नु पर्नेछ।
- विदेशी विश्वविद्यालय, विद्यालय वा संस्थानबाट जारी गरिएको शैक्षिक योग्यताको प्रमाणपत्र भएका आवेदकहरूले नेपालको आधिकारिक संस्थाबाट समकक्षताको प्रमाण-पत्र पेश गर्नुपर्नेछ। आवश्यक समकक्षता प्रमाण-पत्र बिनाका आवेदनहरू स्वीकार गरिने छैन।
- कर्मचारीहरू परियोजना कार्य अवधीको एक वर्षे कार्यसम्पादनमा आधारित सेवा करारमा (कार्यसम्पादनको आधारमा नवीकरणको सम्भावना सहित) नियुक्त गरिनेछ।
- स्थानीय व्यक्तिहरू, महिला, दलित तथा पछाडि परेका जातीय समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ।
- लिखित परीक्षा तथा अन्तर्वार्ता दुवै सञ्चालन गरिनेछ। छोटो सूचीमा परेका उम्मेदवारहरूको लागि लिखित परीक्षाको तालिका चामुण्डा बिन्द्रसैनी नगरपालिकाको सूचना पाटीमा प्रकाशित गरिनेछ।
- विज्ञापनका प्रत्येक पदको सेवा सर्तहरु (TOR) र वैयक्तिक विवरण (CV) ढाँचा हेर्न चामुण्डाबिन्द्रसैनी नगरपालिकाको वेभ पेज www.chamundabindrasainimun.gov.np र LACCP परियोजनाको वेभ पेज www.laccp.org.np बाट डाउनलोड गर्न सकिनेछ। तोकिएको ढाँचाबाहेक अन्य ढाँचामा पेश गरिएको वैयक्तिक विवरण (CV) स्वीकार गरिने छैन।
- **दरखास्त दस्तुर:-** अधिकृतस्तरको लागि रु. १०००।- (अक्षेरुपी एक हजार मात्र), सहायक पाँचौस्तरको लागि रु. ७००।- (अक्षेरुपी सात सय मात्र) र सहायक चौथोको लागि रु. ५००।- (अक्षेरुपी पाँच सय मात्र)। दरखास्त दस्तुर चामुण्डाविन्द्रासैनी नगरपालिकाको आन्तरिक राजश्व खाता नं. ग १.१. ४१२९५२४१२०७००४ मा बैंक दाखिला गरी सो को भौचर आवेदनका साथ पेश गर्नुपर्ने छ।
- रित नपुगी प्राप्त भएका दरखास्तहरु स्वतः रद्द हुने छन्।
- सेवा, सुविधा तथा शर्तहरु चामुण्डाविन्द्रासैनी नगरपालिकाले तोके बमोजिम हुनेछ।

**भलाराम पंगाली**
**प्रमुख प्रशासकीय अधिकृत**

# मध्यपूर्व हल्लाले डोल्पामा एलपी ग्यास किन्ने होड, बजारमा अभावको त्रास

❒ **काँक्रेविहार संवाददाता**
डोल्पा, १ चैत

डोल्पाको सदरमुकाम दुनै बजारसहित आसपासका क्षेत्रमा खाना पकाउने एलपी ग्यासको अभाव हुने त्रास फैलिएको छ। ग्यास अभाव हुने हल्ला फैलिनासाथ होटल व्यवसायी तथा स्थानीय बासिन्दाले सिलिन्डर किनेर भण्डारण गर्न थालेपछि बजारमा एक्कासी माग बढेको व्यवसायी रामबहादुर रानाले बताए। सरकारले मध्यपूर्वका विभिन्न देशमा जारी युद्धलाई मध्यनजर गर्दै ग्यास वितरणमा सावधानी अपनाउन तथा आधा सिलिन्डर मात्र बिक्री-वितरण गर्न निर्देशन दिएको चर्चा भएपछि डोल्पामा पनि ग्यास संकट पर्ने आशंका बढेको स्थानीय टिकादत्त न्यौपानेले बताए।उनका अनुसार आवश्यकताभन्दा बढी ग्यास खरिद गर्ने प्रवृत्ति बढेको छ।

ग्यास व्यवसायीहरूका अनुसार पछिल्लो दुई दिनयता डोल्पामा जति ग्यास आइपुगे पनि तुरुन्तै बिक्री भइरहेको छ। अचानक माग बढेपछि हाल बजारमा ग्यास अभाव देखिएको र थप सिलिन्डर मगाउने प्रक्रिया चलिरहेको उनीहरूले बताएका छन्। यता सरकार भने नेपालमा एलपी ग्यासको आयात नियमित भइरहेकाले अभाव नहुने बताउँदै अनावश्यक त्रास नफैलाउन आग्रह गरेको छ।

यद्यपि मध्यपूर्वको तनावका कारण डोल्पामा पनि ग्यास संकट हुने हो कि भन्ने चिन्ता सर्वसाधारणमा बढेको देखिन्छ। पछिल्ला वर्षहरूमा डोल्पाका गाउँबस्तीमा छिटो र सहज हुने भएकाले एलपी ग्यास प्रयोग गर्नेको संख्या बढ्दै गएको छ। यसैबीच केही उपभोक्ताले ग्यास संकटको हल्ला फैलाएर मूल्य बढाउने उद्देश्यले व्यवसायीहरूले सिलिन्डर लुकाएको आरोपसमेत लगाएका छन्।

# ढल निर्माण गर्दा बिग्रँदै सडक



❒ **काँक्रेविहार संवाददाता**
कैलाली, १, चैत

नगरपालिका-१ स्थित टीकापुर-सनकट्टी-बर्दिया सडकमा बिचबाट ढल निर्माण थालिएको छ । सुदूरपश्चिम प्रदेश सरकारको लगानीमा बन्न थालेको ढलले सडक बिग्रिन थालेको छ । यो सडकको चौडाइ २० मिटर रहेको छ। यो सडक चार लेनको मापदण्डमा छ । सडकको किनारमा बन्नुपर्ने ढल करिब सात मिटरभित्र निर्माण हुन थालेको छ । यसरी नै अर्कोतिर पनि सात मिटरभित्र ढल बनाएमा मूल सडक छ मिटर मात्रै रहने छ । ५० वर्षअघि टीकापुर विकास समितिले रेखाङ्कन गरेको सडक अहिले बिग्रिन थालेकोमा स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

ढल बन्नुपर्ने ठाउँमा रहेका विद्युत्का खम्बा र व्यक्तिका घरअगाडिका रुख छल्न खोज्दा यस्तो अवस्था आएको हो। स्थानीय आकृति ठाकुर पानी निकास र ढल व्यवस्थापन हुन्छ भनेर खुसी लागेको तर घरदेखि सात मिटर पर ढल बन्दा यसको इन्जिनियरिङबारे अचम्म लागेको बताए।

सङ्घ र प्रदेशबाट बजेट छुट्याइएका योजना कार्यान्वयन गर्ने क्रममा स्थानीय तहलाई बेवास्ता गर्दा यस्ता समस्या आउने र गुणस्तरहीन काम हुने गरेका छन्।

टीकापुर नगरपालिकाका प्राविधिक गम्भीरसिंह साउदले भने प्रदेशका प्राविधिकलाई सडक देखाउने क्रममै सडकको नगरपालिकासँग समन्वय गरेर मापदण्ड अनुसार बनाउनु होला भनेका हौँ । थाहै नदिई सडकको बिचमा ढल बनाउन सुरु गरेछन् ।

निर्माण व्यवसायी प्रकाश शाहले ढल बनाउने ठाउँमा विद्युत्का खम्बा र खानेपानी च्याम्बर रहेको तर यसलाई सार्ने लागत योजनामा समावेश नभएकाले त्यसलाई छोडेर काम भएको बताए।

टीकापुर नगरपालिकाका पूर्वाधार शाखाका प्रमुख इन्जिनियर नवराज जोशीले सङ्घ र प्रदेशबाट सञ्चालन भएका योजना कार्यान्वयन गर्दा सुरुमा नगरपालिकालाई जानकारी नदिने, गलत डिजाइन हुने र काम सुदूरपश्चिम प्रदेश सरकारको लगानीमा बन्न थालेको ढलले सडक बिग्रिन थालेको छ ।

यो सडकको चौडाइ २० मिटर रहेको छ । यो सडक चार लेनको मापदण्डमा छ । सडकको किनारमा बन्नुपर्ने ढल करिब सात मिटरभित्र निर्माण हुन थालेको छ ।

यसरी नै अर्कोतिर पनि सात मिटरभित्र ढल बनाएमा मूल सडक छ मिटर मात्रै रहने छ । ५० वर्षअघि टीकापुर विकास समितिले रेखाङ्कन गरेको सडक अहिले बिग्रिन थालेकोमा स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

ढल बन्नुपर्ने ठाउँमा रहेका विद्युत्का खम्बा र व्यक्तिका घरअगाडिका रुख छल्न खोज्दा यस्तो अवस्था आएको हो ।

# सुदूरपश्चिममा 'भिटौलो' पर्व सुरु

❒ **काँक्रेविहार संवाददाता**
बैतडी, १ चैत

चैत महिना सुरु भएसँगै बैतडीसहित सुदूरपश्चिमका पहाडी जिल्लामा परम्परागत ' भिटौलो' पर्व मनाउन थालिएको छ। बैतडी, दार्चुला, डडेल्धुरा र बझाङलगायतका जिल्लामा चैत महिनाभर माइती पक्षका दाजुभाइले विवाहित दिदीबहिनीलाई उनीहरूको घरमै पुगेर भेट्ने चलन रहिआएको छ।

यस अवसरमा दाजुभाइ तथा आफन्तले मीठोमसिनो परिकार, फलफूल, कपडा तथा अन्य सामग्री लिएर छोरीबहिनीको घरमा पुग्ने परम्परा छ। भेटघाटका क्रममा एक-दुई दिन ससुरालीमै बसेर परिवारबीच दुःखसुख साटासाट गर्ने चलन रहेको स्थानीय संस्कृतिका जानकार धीरबहादुर बिष्टले बताए।

पहाडबाट तराईतिर बसाइँ सरेका परिवारले पनि यो परम्परालाई निरन्तरता दिँदै आएका छन्। टाढा बसोबास गर्नेहरू पनि सकेसम्म चैत महिनामै छोरीबहिनीलाई भेट्न जाने प्रयास गर्ने गर्छन्। चैत महिनाभित्र दिदीबहिनीलाई भेट्न नजाँदा अपशकुन हुने विश्वास पनि समाजमा रहेको बिष्टले बताए।

यही कारण दाजुभाइको प्रतीक्षामा दिदीबहिनीहरूले बाटो कुर्ने चलन अझै जीवित रहेको उनको भनाइ छ। आफ्ना दाजुभाइ नहुने महिलालाई छिमेकी वा गाउँका अन्य दाजुभाइले पनि गएर भेट्ने परम्परा रहेको पाइन्छ।

भिटौलो पर्वलाई माइतीघरबाट पराइघर गएकी दिदीबहिनीप्रति माया, सम्मान र आत्मीयता प्रकट गर्ने अवसरका रूपमा लिइन्छ। यसले दाजुभाइ र दिदीबहिनीबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने सांस्कृतिक पहिचानको रूपमा मानिन्छ।

पहिले भिटौलो जाँदा घरमै उपलब्ध अन्नबाली तथा घरेलु परिकार लिएर जाने चलन थियो भने पछिल्लो समय बजारबाट किनेर लैजाने सामग्रीको प्रयोग बढ्दै गएको पाटन नगरपालिका-३ का स्थानीय हेमन्ती पन्तले बताए।

भिटौलो पर्वका कारण चैत महिनाभर स्थानीय बजारमा पनि चहलपहल बढ्ने गरेको व्यापारी बिरेन्द्र भट्टले बताए। परम्परादेखि चल्दै आएको यो चलन आज पनि सुदूरपश्चिमका समुदायमा दाजुभाइ र दिदीबहिनीबीचको मायाको प्रतीकका रूपमा जीवित रहेको शैल्यशिखर नगरपालिका-४ का स्थानीय धाना भट्टले बताए।

# कार्की आयोगको प्रतिवेदन अध्ययन गर्ने

❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं १ चैत

सरकारले भदौ २३ र २४ गतेको घटनाको छानविन गर्न बनेको जाँचबुझ आयोगको प्रतिवेदन अध्ययन गर्ने गरी ग्रहण गर्ने निर्णय गरेको छ। आइतवार बसेको मन्त्रिपरिषद्को बैठकमा पेश भएको प्रतिवेदन अध्ययन गर्ने गरी ग्रहण गर्ने मन्त्रिपरिषद्ले ग्रहण गर्ने निर्णय भएको हो। सरकारका प्रवक्ता ओमप्रकाश अर्यालले सञ्चारकर्मीसँग कुरा गर्दै आयोगको प्रतिवेदन अध्ययन गर्ने गरी मन्त्रिपरिषद्ले ग्रहण गर्ने निर्णय गरेको बताए उनले प्रतिवेदन कार्यान्वय गर्नेलगायतका सबै यसैभित्र पर्ने बताए। पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको ३ सदस्य आयोगले गत फागुन २४ गते प्रधानमन्त्री कार्कीसमक्ष प्रतिवेदन बुझाएको थियो। करिब १ साताको अध्ययनपछि आइतवार मन्त्रिपरिषद् बैठकमा औपचारिक रूपमा प्रतिवेदन गरेको हो ।


## बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुने सम्बन्धी सुचना

आगामी आर्थिक वर्ष २०८३/०८४ मा संघीय सरकार, प्रदेश सरकार र स्थानीयसरकार द्वारा संचालन हुने न्यूनतम रोजगारी, बेरोजगार सहायता तथा अन्य रोजगारमूलक, सीपमूलक उद्यमशीलता विकासका कार्यक्रमहरुमा सहभागी हुन १८ बर्ष पुरा भई ५९बर्ष ननाघेका बेरोजगार व्यक्तिहरुले बेरोजगारव्यक्तिको सूचीमा सूचीकृत हुन आफु स्थायी बसोबास गरेको वडा कार्यालयमा तपसिलमा उल्लेखित आवश्यक कागजात सहित मिति २०८२ चैत्र मसान्त भित्र तोकिएको ढाँचामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरु :-**

- पूर्ण रुपमा भरेको बेरोजगार दर्ता निवेदन-१ प्रति (निवेदनको ढाँचा www.pmep.gov.np वा लेकवेशी नगरपालिकाको वेव साइट तथा सम्बन्धित वडा कार्यालयवाट प्राप्त गर्न सकिनेछ।
- निवेदकको नागरिकताको प्रतिलिपी-१ प्रति,
- निवेदकको पासपोर्ट साईजको फोटो-१ प्रति,



लेकबेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत



## सिम्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राकम,सुर्खेत

**बेरोजगार व्यक्तिको सूचीमा सुचिकृत हुने सम्बन्धी सिम्ता गाउँ पालिकाको सूचना ।**

**आगामी आर्थिक वर्ष २०८३/८४ मा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारद्वारा संचालन हुने रोजगारमुल्क, सिपमुलक, उद्यमशीलता विकासका कार्यक्रमहरुमा सहभागी हुनका लागि र सार्वजनिक निर्माणका काममा योगदान गर्न इच्छुक सामाजिक र आर्थिक अवसरवाट वन्चित महिला, आदिवासी जनजाती, दलित, सिमान्तकृत समुदाय तथा विपन्न वर्गका बेरोजगार व्यक्तिहरुले २०८२ चैत मसान्तसम्म आफूले स्थायी वसोवास गरेको वडाको वडा कार्यालय गई तपशिल वमोजिमका कागजपत्र सहित वेरोजगार व्यक्तिको सूचिमा सुचिकृत हुन निवेदन दिनुहुन सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**आवश्यक कागजातहरू:**
- नागरिकताको फोटोकपि र पासपोर्ट साइजको फोटो थान १,
- फारममा उल्लेख गरिने परिवार संख्या (१८-५९ वर्ष) का नागरिकताको प्रतिलिपि १ प्रति साथै सबै परिवारको परिचय खुल्ने गरि भरिएको फारम १ प्रति,
- विवाह दर्ताको प्रतिलिपि/वसाईसराईको प्रमाणपत्र (नागरिकता जारि जिल्ला फरक भएमा),
- निवेदकले कुनै सिपमुलक तालिम लिएको भए सोको प्रतिलिपी १ प्रती,

*थप जानकारीका लागी - रोजगार सेवा केन्द्रको सम्पर्क नं ९८४९९११९६८ वा सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।*







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : सुशीलराज शर्मा, कार्यालयः वीरेन्द्रनगर-४, सुर्खेत, फोनः ०८३-५२२१७३/९८५८०५०५०५/९८५११३४४७५४ web : kankrebihar.com, Email : ekankrebihardaily@gmail.com मुद्रणः मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)